## संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) को असरको कारण व्यापार व्यवसाय बन्द वा बेरोजगार भई दैनिक जीवनयापनमा समस्या भएका सम्पूर्ण व्यक्तिहरूको लागि

# आपत्कालीन सानो रकम कोष र समग्र सहयोग कोष (विशेष ऋण) को ऋण फिर्ता छुटबारे

तपाईंले ऋणमा लिनुभएको आपत्कालीन सानो रकम कोष र समग्र सहयोग कोष (विशेष ऋण), 2023 सालदेखि फिर्ता सुरु हुनेछ। सरकारले तोकेको सर्तहरूमा पर्ने खण्डमा यो रकम “ऋण फिर्ता छुट” हुन्छ। यस पत्रमा तपाईं “ऋण फिर्ता छुट” मा पर्नुहुन्छ वा पर्नुहुन्न र “ऋण फिर्ता छुट” हुनको लागि के गर्नुपर्छ भन्ने कुराबारे व्याख्या गरिने हुनाले राम्रोसँग पढ्नुहोस्।

## 1 ऋण फिर्ता छुटको प्रक्रियाबारे

ऋणमा लिएको रकमको प्रकार अनुसार, ऋण फिर्ता छुटको प्रक्रिया छुट्टाछुट्टै सालमा गर्नुपर्नेछ।
2022 सालमा “आपत्कालीन सानो रकम कोष” र “समग्र सहयोग कोषको पहिलो महिना～तेस्रो महिना” को ऋण फिर्ता छुटको प्रक्रिया गर्न सकिन्छ।

| कोषका प्रकारहरू | आपत्कालीन सानो रकम कोष | समग्र सहयोग कोष पहिलो पटक (पहिलो महिना～तेस्रो महिना) | समग्र सहयोग कोष लम्ब्याइएको (चौथो महिना～छैटौं महिना) | समग्र सहयोग कोष पुनः ऋण |
|---|---|---|---|---|
| ऋण फिर्ता छुटको प्रक्रिया गर्ने साल | 2022 साल | | 2023 साल | 2024 साल |

## 2 2022 सालमा ऋण फिर्ता छुट हुने सर्तबारे

2022 सालको ऋण फिर्ता छुटको प्रक्रियाबारे व्याख्या गरिनेछ।
आर्थिक वर्ष 2021 साल अथवा आर्थिक वर्ष 2022 सालमा “तपाईं (ऋण लिएको व्यक्ति)” र “तपाईं (ऋण लिएको व्यक्ति) को घरमूली” दुबैको “निवासी कर प्रति व्यक्ति दर र आय दर दुबै कर छुट (निवासी कर भुक्तानी गर्नु नपर्ने)” छ भने ऋण फिर्ता छुट हुनेछ।

## 3 2022 सालमा ऋण फिर्ता छुट हुने सर्तबारे


- **आवेदन अवधि** 2022 साल जनवरी～अगस्त 31 तारिख (यो मितिको हुलाक छाप मान्य हुनेछ)
- **आवेदन दिने ठाउँ** टोक्यो महानगरपालिका समाज कल्याण परिषद् विशेष ऋण कार्यालय
  ＊यो पत्रसँगै पठाइएको खाममा हालेर हुलाक मार्फत पठाउनुहोस्।
- **आवश्यक कागजात** (1) परिवारको सबै सदस्यहरूको नाम लेखिएको निवासी दर्ता प्रमाणपत्र (यसमा परिवारको सबै सदस्यहरूको नाम लेखिएको हुनुपर्नेछ र 3 महिना भित्र जारी गरिएको हुनुपर्नेछ)
  (2) कर छुट प्रमाणपत्र
  (3) ऋण फिर्ता छुट आवेदन पत्र (यसै खाममा भएको कागजात 2)
  ＊यदि (3) 2 प्रति छ भने (1) र (2) पनि 2 प्रति आवश्यक हुनेछ। एक प्रति प्रतिलिपि भए पनि हुन्छ।
  ＊(3) मा लेख्ने तरिका थाहा नभएमा विशेष ऋण कार्यालय वा तपाईं बसोबास गर्ने सहर, नगरपालिका वा गाउँपालिकाको समाज कल्याण परिषद्सँग परामर्श लिनुहोस्।



तपाईं ऋण फिर्ता छुटमा पर्नुहुन्छ वा पर्नुहुन्न भन्ने कुरा पत्ता लगाउनको लागि अर्को पृष्ठमा हेर्नुहोस्।

## 4 ऋण फिर्ता छुट हुन्छ वा हुँदैन भन्ने कुरा निश्चय गर्ने तरिका

तपाईंको स्थितिमा "हजुर" "अहँ" र "थाहा छैन" द्वारा जवाफ दिनुहोस्।




**1 2022 साल जुन तिर फेरि एकपटक निश्चय गर्नुहोस्।**

आर्थिक वर्ष 2022 सालमा "निवासी कर छुट" भयो भने ऋण फिर्ता छुट हुन्छ।
"निवासी कर छुट" हुन्छ वा हुँदैन भन्ने कुरा रेइवा 4 साल जुन महिना तिर निर्णय हुन्छ।
● आर्थिक वर्ष 2022 सालमा पनि "कर भुक्तानी (निवासी कर भुक्तानी गर्नुपर्ने)" परेको थियो ➔ 7 मा जानुहोस्।

**2-1 तपाईंको "निवासी कर छुट" हुनाले, तपाईं ऋण फिर्ता छुटको दायरामा पर्नुहुन्छ।**

**2-2 तपाईं र र घरमूलीको "निवासी कर छुट" हुनाले तपाईं ऋण फिर्ता छुटको दायरामा पर्नुहुन्छ।**

ऋण फिर्ता छुटको प्रक्रिया गर्नुहोस् ➔ 3 मा जानुहोस्।

**3 तपाईं "निवासी कर छुट" मा पर्नुहुन्छ वा पर्नुहुन्न, निश्चय गर्नुहोस्।**


➔ 5 मा जानुहोस्।

**4 तपाईं र घरमूली "निवासी कर छुट" मा पर्नुहुन्छ वा पर्नुहुन्न, निश्चय गर्नुहोस्।**

➔ 5 मा जानुहोस्।

## 5 निवासी करबारे निश्चय गर्ने तरिका

तपाईंको स्थितिमा “हजुर” “अहँ” र “थाहा छैन” द्वारा जवाफ दिनुहोस्।
*आय पेन्सन मात्र भएको खण्डमा, सरकारी कार्यालयमा “कर छुट” हो वा “कर भुक्तानी गर्नुपर्ने” हो, निश्चय गर्नुहोस्।




### कर छुट भएको थियो

"तपाईं" अथवा "तपाईं" र "घरमूली" को कर छुट प्रमाणपत्र प्राप्त गर्नुहोस्।
2021 साल जनवरीमा निवासी दर्ता प्रमाणपत्र भएको सहर, नगरपालिका वा गाउँपालिकाको सरकारी कार्यालयमा प्राप्त गर्न सकिन्छ।
थाहा नभएको खण्डमा सहर, नगरपालिका वा गाउँपालिकाको सरकारी कार्यालयको कर शाखामा सोध्नुहोस्।

### कर भुक्तानी गर्नु परेको थियो

➔ 4 मा जानुहोस्। 1



निवासी कर उद्घोषको लागि अर्को पृष्ठमा हेर्नुहोस्।

## निवासी कर उद्घोष

2021 सालको जनवरीमा निवासी दर्ता प्रमाणपत्र भएको सहर, नगरपालिका वा गाउँपालिकाको कार्यालयको कर शाखा काउन्टर वा हुलाक मार्फत उद्घोष गर्नुहोस्।
कागजात तयार गर्न नसकेमा वा थाहा नभएको खण्डमा सहर, नगरपालिका वा गाउँपालिकाको सरकारी कार्यालयको कर शाखामा सोध्नुहोस्।

**[निवासी कर उद्घोषको लागि आवश्यक कागजात]**

■ निवासी कर उद्घोष पत्र *सहर, नगरपालिका वा गाउँपालिका अनुसार यस पत्रको ढाँचा फरक हुन्छ।

■ परिचय खुल्ने कागजात

■ माइ-नम्बर

उद्घोषको लागि माइ-नम्बर आवश्यक पर्नेछ। माइ-नम्बर कार्ड, माइ-नम्बर सूचना कार्ड, निवासी दर्ता प्रमाणपत्र आदिमा निश्चय गर्नुहोस्।

■ आयका प्रमाणपत्रहरू

- [कम्पनी वा पसल आदिमा काम गर्ने व्यक्ति] तलब आयको “ट्याक्स हुइथहोल्डिङ स्लिप (गेनसेन च्योउस्युह्यो)” वा 1 वर्षको अवधिको तलबको विस्तृत विवरण आदि
- [सार्वजनिक पेन्सन भएको व्यक्ति] सार्वजनिक पेन्सन “ट्याक्स हुइथहोल्डिङ स्लिप (गेनसेन च्योउस्युह्यो)”
- [आफैले व्यवसाय गरिरहेको व्यक्ति] खाता वा रसिद जस्ता आय प्रमाणका कागजात

■ कटौती कागजात

*कर लाग्ने आयको रकम कम गर्न चाहने व्यक्तिले तयार गर्नुहोस्। कटौती प्राप्त नगर्ने व्यक्तिले तयार गर्नु पर्दैन।

- आफैले भुक्तानी गरेको सामाजिक बीमा शुल्क आदिको रसिद आदि
- जीवन बीमा, भुकम्प बीमा आदिको प्रमाणपत्र
- चिकित्सा खर्च कटौतीको विस्तृत विवरण, चिकित्सा खर्चको रसिद आदि
- चन्दा रकमको रसिद आदि
- अपाङ्गता परिचयपत्र, बौद्धिक अपाङ्गता प्रमाण पुस्तिका आदि

## 6 ऋण फिर्ता छुट आवेदन प्रक्रिया पूरा भएपछि

2022 साल सेप्टेम्बर तिर ऋण फिर्ता छुट भएको वा नभएको भन्ने कुरा पत्रद्वारा जानकारी गराइनेछ।
ऋण फिर्ता छुट नभएको व्यक्तिको सन्दर्भमा, हरेक महिना उक्त व्यक्तिको बैंकको खाताबाट फिर्ता गर्ने रकम निकालिनेछ। रकम निकाल्ने खाताको जानकारी प्रदान गर्नुपर्नेछ।
“समग्र सहयोग कोषको चौथो महिना〜छैटौं महिना” ऋण लिएको व्यक्तिको लागि अर्को वर्ष ऋण फिर्ता छुटको प्रक्रिया हुनेछ। प्रक्रियाको समय भए पछि फेरि जानकारी गराइने हुनाले याद राख्नुहोस्।

## 7 ऋण फिर्ता छुट नहुने खण्डमा

रकम फिर्ता प्रक्रिया गर्नुपर्नेछ। WEB पेज अथवा यसै खाममा भएको “बचत खाताबाट रकम ट्रान्सफर अनुरोध पत्र” द्वारा रकम निकाल्ने खाताको जानकारी दिनुहोस्। थाहा नभएको खण्डमा, विशेष ऋण कार्यालय वा तपाई बसोबास गर्ने सहर, नगरपालिका वा गाउँपालिकाको समाज कल्याण परिषद्सँग परामर्श लिनुहोस्।
https://tcsw.g-sb.net/new/

## सम्पर्क स्थान

टोक्यो महानगरपालिका समाज कल्याण परिषद् विशेष ऋण कार्यालय
☎ 03-6261-4335 (सम्पर्क समय: सोमबारदेखि शुक्रबार 9:30〜17:30)
https://www.tcsw.tvac.or.jp/activity/coronatokurei.html